बैठक संख्या - ६९

आज मिति २०७६ साल फागुन २ गतेका शुक्रबारका दिन यस कनकाई नगरपालिका का नगरप्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्ष्यतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, सहीतको उपस्थितिमा कनकाई नगर कार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

१. नगर प्रमुख राजेन्द्र कुमार पोखरेल–

२. नगर उप प्रमुख मञ्जु प्रसाई–

३. वडा अध्यक्ष रोशन राज पोखरेल–

४. वडा अध्यक्ष परशुराम गिरी –

५. वडा अध्यक्ष रुद्र प्रसाद चिमरीया–

६. वडा अध्यक्ष गोबिन्द प्रसाद पौडेल–

७. वडा अध्यक्ष कृष्ण बहादुर राई–

८. वडा अध्यक्ष लक्ष्मी प्रसाद ओली –

९.वडा अध्यक्ष लीला बहादुर कन्द

१० वडा अध्यक्ष प्रेम बहादुर कटुवाल–

११. वडा अध्यक्ष प्रेम प्रसाद राजवंशी–

१२. कार्यपालिका सदस्य सिता अधिकारी–

१३. कार्यपालिका सदस्य साबित्रा बर्देवा–

१४. कार्यपालिका सदस्य चुवा लाल राजवंशी–

१५. कार्यपालिका सदस्य देबेन्द्र कुमार दर्जी–

१६. कार्यपालिका सदस्य कृष्ण माया भुजेल–

१७. कार्यपालिका सदस्य सुनिता खरेल सिग्देल–

१८. कार्यपालिका सदस्य नवलकिशोर दत्त कायस्थ–

१९. कार्यपालिका सदस्य मुना बयलकोटी

२० सदस्य सचिव नि प्र प्र अ हरि प्रसाद मिश्र

अन्य कर्मचारी:

२१. प्रशासकीय अधिकृत विवेक भण्डारी

प्रस्तावहरु

१ प्रजातन्त्र दिवस सम्बन्धमा ।
२ बैंकिङ प्रस्तावना सम्बन्धमा ।
३ तालिम सम्बन्धमा ।
४ नदीजन्य पदार्थ उत्खनन सम्बन्धमा ।
५ कार्यविधि संशोधन सम्बन्धमा ।
६ कर्मचारी करार सम्बन्धमा ।

निर्णयहरु

१ प्रस्ताव नं १ माथि छलफल गर्दा प्रजातन्त्र दिवस २०७६ को अवसरमा कनकाई नगरपालिका वडा नं छ मा विविध कार्यक्रम गरी मनाउने निर्णय गरियो । उक्त कार्यक्रमको अवसरमा वि पी वन वाटिकामा निर्मित विश्वेश्वर प्रसाद कोईरालाको शालीक श्री गणेश लिम्बु र खगेन्द्रनाथ चापागाईंको बाहुलीबाट अनावरण गर्ने, साथै कार्यक्रमको प्रमुख वक्ताको रुपमा श्री डिल्ली प्रसाद सिटौलालाई आमन्त्रण गर्ने निर्णय गरियो । उक्त कार्यक्रम भव्यताका साथ सम्पन्न गर्न नगर प्रमुखको संयोजकत्वमा सबै कार्यपालिका सदस्यहरु सदस्यका रुपमा रहने गरी मूल आयोजक समिति तथा तपशिल अनुसारको व्यवस्थापन उपसमिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः नगर उप प्रमुख
सदस्यः वडाध्यक्ष, वडा नं ५
सदस्यः वडाध्यक्ष, वडा नं ६
सदस्यः अधिकृत, शिक्षा शाखा, हरिप्रसाद मिश्र
सदस्य सचिवः लक्ष्मी प्रसाद अधिकारी

साथै उक्त कार्यक्रममा झाँकी सहित सहभागिता जनाउने सांस्कृतिक समूह लाई रु ५०००।– प्रति समूह र स्टल राख्न् व्यक्ति वा संस्थालाई प्रति स्टल रु १५०००।– का दरले उपलब्ध गराउने निर्णय गरियो ।

२ प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयबाट बैंकिङ सम्बन्धी प्रस्तावना आह्वान गरिएकोमा माछापुच्छ्रे बैंक लिमिटेड बाट प्राप्त प्रस्तावना स्वीकृत गरी सम्झौताका लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

३ प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरमा रहेको कनकाई पोलिटेक्निक ईन्स्टिच्युटबाट संचालन हुने च्याउ खेती एवं बेमौसमी खेती सम्बन्धी तालिमका लागि प्रत्येक वडाबाट २–२ जना प्रशिक्षार्थी छनौट गर्ने निर्णय गरियो।

४ प्रस्ताव नं ४ माथि छलफल गर्दा कनकाई पुलको ५०० मिटर उत्तर दक्षिण पुललाई असर नगर्ने गरी नगर आँफैले उत्खनन गरी विकास निर्माण कार्यमा लगाउन तथा दैवी प्रकोपको सम्भाव्यता न्युनिकरण गर्ने प्रयोजनका लागि प्राविधिक प्रतिवेदनका आधारमा नदीजन्य पदार्थ RBM उत्खननका लागि जिल्ला समन्वय समितिमा आवश्यक स्वीकृति माग गर्ने निर्णय गरियो।

५ प्रस्ताव नं ५ माथि छलफल गर्दा कनकाई नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ मा तपशिल अनुसार संशोधन गर्ने निर्णय गरियो।

दफा ४ मा रहेको छनोट सम्बन्धी व्यवस्थामाः

क पदको प्रकृति अनुसार लिखित परीक्षाको व्यवस्था गरिने।

ख दफा ४ को उपदफा ३ क ख ग घ मा रहेको अकभारलाई तपशिल अनुसार परिमार्जन गरिने।

लिखित बापत ३०, शैक्षिक योग्यता १५, माथिल्लो योग्यता ५, कार्य अनुभव बापत १०, स्थानीय बासिन्दालाई १०, अन्तरवार्ता ३० अंक। लिखित नहुने पदको हकमा ७० अंकलाई १०० गणना गरी सोहीअनुसार अंक भार रहने।

६ प्रस्ताव नं ६ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं ३ कार्यालयको सिफारिसका आधारमा श्री संगिता बुढाथोकीलाई मिति २०७६।१०।०१ गते देखि कार्यालय सहयोगी पदमा सेवा करार गर्ने निर्णय गरियो।